# जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल



इ-बुलेटिन ११४ भाग (२०७४ बैशाख ३१) पहिलो चरणको स्थानीय तह निर्वाचनमा महिला उम्मेदवारी अवस्थाः एक विश्लेषण


## पहिलो चरणको स्थानीय तह निर्वाचनमा महिला उम्मेदवारी अवस्थाः एक विश्लेषण

यही २०७४ बैशाख ३१ मा आयोजना गरिएको स्थानीय तहको पहिलो चरणको निर्वाचन प्रदेश नं ३, ४ र ६ गरी तीन बटा प्रदेशहरुमा सम्पन्न हुँदैछ । दुई दशकको अवधिमा आयोजना भएको यस निर्वाचनले केवल तीन प्रदेशमात्र नभएर देशैभरि नयाँ रौनक र उत्साह छाएको छ । निर्वाचनका लागि भएको उत्साहजनक उम्मेदवारी दर्ताले एकपछि अर्को गरि राजनीतिमा तरङ्ग छाउनका साथै चुनावप्रतिको अन्यौल अन्त्य गरिदिएको छ । यद्धपि अझैपनि केही आशंकाहरु नभएका भने होइनन, गाउँ शहर सबैतिरका नागरिक चुनावी यात्रामा होमिएका छन् । झण्डै २० वर्षपछि त्यो पनि संघीय ढाचाँमा हुन लागेको यस पटकको निर्वाचलाई एक विशेष पर्वका रुपमा सर्वसाधरणले विश्लेषण गरेका छन् । गाउँ, शहर, वजार तथा कुना कुनामा राजनीतिक गफहरु, प्रचार प्रसार व्यापक रुपमा भएका छन् । स्थानीय निर्वाचनको यो उत्साहले स्थानीय सुशासन र लोकतन्त्रलाई संस्थागत गर्न थप मद्दत पुग्नेछ स्थानीय तहको यस निर्वाचनलाई संघीयता कार्यान्वयनको पहिलो आधार समेत लिन सकिन्छ ।

### महिला उम्मेदवारीको अवस्था

## यस अवधिमा जागरण नेपालले सम्पन्न गरेका गतिविधिहरु

### राजनीति, स्थानीय तहको निर्वाचन र निर्णायक तहमा महिला सहभागिता विषयक जिल्ला स्तरिय सार्वजनिक सुनुवाई

**कार्यक्रम**

जागरण नेपालले काभ्रे जिल्लामा प्रमुख राजनीतिक दलहरु, भगिनी संगठनहरु, संभावित महिला नेताहरु, स्थानीय महिलाहरु, नागरिक समाज तथा विभिन्न सस्थाहरुको उपस्थितिमा २०७४ साल वैशाख ४ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । आउदै गरेको स्थानीय निर्वाचनमा महिलाहरुको अर्थपूर्ण सहभागिता बढाउन तथा बढी भन्दा बढी महिला उम्मेदवारलाई जिताउनको लागि उक्त कार्यक्रमको आयोजना गरेको हो । यसका साथै राज्य पुन स् संरचनापछि महिला सहभागिताको कानुनी प्रावधान सम्बन्धी जानकारी दिने उद्देश्य उक्त कार्यक्रम सम्पन्न भएको हो ।

पहिलो चरणमा झण्डै ४० प्रतिशत महिला उम्मेदवार भएका छन् । बैशाख २२ मा निर्वाचन अयोगले निर्धारण गरेको तालिका अनुसार उम्मेदवारी फिर्ता तथा दावि विरोधको कार्यतालिका समापन पश्चात आएको अन्तिम नतिजाको आधारमा ४९ हजार ३ सय ३७ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएकाछन् । तीन प्रदेशका ३४ जिल्लामा २८३ स्थानीय तहमा यी उम्मेदवारहरुले वैसाख १९ गते उम्मेदवारी दर्ता गराएका थिए । २२ गते फिर्ता लिने निर्वाचन तालिका अनुसार उम्मेदवारहरुको अन्तिम नामावली अनुसार पुरुषको सख्या ३० हजार ५ र महिलाको संख्या १९ हजार ३३२ कायम भएको छ । प्रतिशतको हिसाबले जम्मा उम्मेदवारमध्ये पुरुष ६०.८२ प्रतिशत र महिला ३९.१८ प्रतिशत रहेका छन् ।

## कुन पदमा कति महिला ?

निर्वाचन आयोगले दिएको जानकारी अनुसार नगरप्रमुख तथा अध्यक्ष पदका लागि पुरुष ९१.६५ प्रतिशत अर्थात १,७२३ जना र महिला ८.३५ प्रतिशत अर्थात १५७ जना रहेको जनाएको छ भने नगर उपप्रमुख तथा उपाध्यक्ष पदका लागि प्रत्यासीहरुमा पुरुष १८.५७ प्रतिशत अर्थात २५७ र महिला ८१.४३ प्रतिशत अर्थात १,१२७ जना रहेको जनाएको छ ।

त्यसैगरी वडाध्यक्षका लागि उम्मेदवारीमा पुरुष ९५.८३ प्रतिशत अर्थात १०,२९६ जना र महिला ४.१७ प्रतिशत अर्थात ४४८ जना मात्र रहेको जनाएको छ ।

खुला वडा सदस्यमा भने पुरुष ९४.७१ प्रतिशत (१७,७२९ जना) र महिला ५.२९ प्रतिशत (९५१) रहेका छन् । यसरी नै महिला वडा सदस्य ९,०८३ रहेको र दलित महिला वडा सदस्य ७,५२६ जना रहेको जानकारी दिएको छ ।

## निर्वाचन आयोगका अनुसार राजनीतिक दलका प्रमुख पदमा महिला उम्मेदवारीको अवस्था

राजनीतिक दलको मेयर गाउपालिका अध्यक्ष



कार्यक्रममा भोजराज तिमल्सिनाले राज्य पुन स् संरचना, स्थानीय निर्वाचन २०७४ र महिला सहभागिता विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यपत्रमा काभ्रे जिल्लाको स्थानीय निर्वाचन २०४९ र स्थानीय निर्वाचन २०५४ मा महिला सहभागिताको बारेमा पनि उल्लेख गरिएको थियो । कार्यक्रमका सहभागिहरुले स्थानीय तहको निर्वाचनमा योग्य महिला उम्मेदवारलाई सम्बन्धित पार्टीबाट टिकट दिनको लागि प्रमुख दलका नेताहरुसँग आग्रह गरेका थिए । एमालेका जिल्ला कमिटी उपाध्ययक्ष अशोक बेन्जुले नेकपा एमालेले महिलाको सशक्तिकरण गर्दै सम्मान समृद्धि सहभागिता सहितको भविष्यको महिला चाहेको हुनाले आगामी स्थानीय चुनावमा प्रमुख पदहरुमा योग्य महिला उम्मेदवारलाई टिकट दिने कुरा पनि बताउनुभयो । त्यस्तै गरी राप्रपाका जिल्ला कमिटी सचिव राजेन्द्र के.सी.ले राप्रपाको विधानले नै ३३ प्रतिशत महिला सहभागिता

| | | |
|---|---|---|
| नाम | (महिला) | (महिला) |
| नेपाली कांग्रेस | २ | ४ |
| नेकपा एमाले | ४ | १२ |
| नेकपा माओवादी -केन्द्र_ | ११ | ९ |
| राप्रपा | ३ | २ |
| नेमकिपा | १ | |
| नयाँशक्ति | | १ |
| जम्मा | २१ | २८ |

***श्रोतः कान्तिपुरः २० बैशाख २०७४***

यस पहिलो चरणको निर्वाचनमा प्रदेश नं ३, ४ र ६ अन्तर्गत रहेका ३४ जिल्ला अन्तरगतका चार महानगर, एक उपमहानगर, ९२ नगर र १ सय ८६ गाउँपालिका गरी २ सय ८३ स्थानीय तहमा जम्मा १३ हजार ५ सय ५६ सिट रहेका छन् । निर्वाचनका लागि उम्मेदवारी दिदा प्राय सबैजसो राजनीतिक दलले प्रमुखको रुपमा पुरुषलाई नै उम्मेदवार दिएका छन् । नेपाली कांग्रेसले २ ठाउँमा मात्र मेयरका रुपमा महिलालाई उठाएको छ भने नेकपा माओवादी केन्द्रले ११ स्थानमा दिएको छ । त्यसैगरी नेकपा एमालेले ४ स्थानमा, राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ र नेपाल मजदुर किसान पार्टीले १ स्थान गरी जम्मा २१ स्थानमा महिलालाई मेयरको रुपमा उठाएका छन् । गाउँपालिका अध्यक्षका रुपमा २८ जना महिलाहरुले उम्मेदवारी दिएका छन् । नेकपा एमालेले १२, नेकपा मओवादी केन्द्रले ९, नेपाली कांग्रेसले ४, राप्रपाले २ र नयाँशक्ति पार्टीले १ स्थानमा प्रमुखको रुपमा महिला उम्मेदवार बनाएका छन् । यसैगरी २ हजार ५ सय ९८ वडाका वडाध्यक्षका लागि १० हजार २४ जनाको उममेदवारी परेको निर्वाचन आयोगले जनाएकोमा महिला उम्मेदवार ४४८ जना रहेका छन् जो ४.८ प्रतिशत हुन आउछ । खुल्ला सदस्य तर्फ १५ हजार ९ सय ३७ मा अनिवार्य गरेकोले स्थानीय चुनावमा पनि प्रमुख पदमा ३३ प्रतिशत महिला सहभागिता गराउने कुरा बताउनुभयो । यसको साथै नेपाली काङ्ग्रेसको जिल्ला कमिटी सदस्य अर्जुन सापकोटा, नेकपा माववादी केन्द्रका केन्द्रिय सदस्य विष्णु गौतम, अन्तर पार्टी महिला सञ्जालको गोमा भूर्तेल, शुलक्ष्मी मानान्धर, अम्बिका हमाल लगायतका सहभागिहरुले स्थानीय चुनावमा महिला सहभागिताको विषयमा आफ्नो विचार व्यक्त गरेका थिए ।

***(जिल्ला स्तरीय सार्वजानीक सुनुवाई कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै अधिकारकर्मी भोजराज तिम्सिनाः काभ्रे)***

## स्थानीय तह निर्वाचन, नेतृत्व विकास र महिला सहभागिता विषयमा तालिम सम्पन्न

जागरण नेपालले स्थानीय निकाय निर्वाचनमा बढी भन्दा बढी महिला सहभागिताका गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले सप्तरी, सिराह, सुनसरी र मोरङ्ग जिल्लाका **महिलाको लागि ३** दिने स्थानीय तह निर्वाचन, नेतृत्व विकास र महिला सहभागिताका सवालमा छलफल कार्यक्रम सम्पन्न भएको छ । स्थानीय स्तरका संभावित महिला नेताहरु, समाजका सरोकारवालाहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा **स्थानीय तह निर्वाचन, नेतृत्व विकास र महिला सहभागिता** जस्ता विषयहरुमा प्रकाश पोखरेल, मिना विष्ट र जगत थापाले सहजीकरण गर्नु भएको थियो । उक्त तालिमवाट ८० जना भन्दा बढी स्थानीय स्तरका महिला नेता तथा सरोकारवालाहरु लाभान्वित भएका थिए । सहभागीहरुले सम्पूर्ण विषयलाई स्थानीय तह सम्म यस्तै

महिला ९५१ अर्थात ५.३ प्रतिशत मात्र रहेका छन् । महिला सदस्यका लागि ७ हजार ९ सय ३६ र दलित महिला सदस्यका लागि ६ हजार ५ सय ९९ जनाको उम्मेदवारी परेको छ । यसरी हेर्दा प्रमुख पदहरुमा भने महिलाको उम्मेदवारी ज्यादै न्यून रहेको पाइएको छ । प्रमुख पदमा उम्मेदवारी न्यून हुनु त्यसमाथि हार्ने अवस्था रहेका क्षेत्रहरुमा मात्र महिलाहरुलाई नेतृत्व दिइएको र उम्मेदवारी दर्ताको यो परिवेशले निर्वाचन परिणाम आइसक्दा समग्रमा प्रमुख पदहरुमा चार देखि पाँच प्रतिशत भन्दा बढि महिला नेतृत्व नआउने देखिन्छ ।

## महिला सहभागिताको संबैधानिक व्यवस्था र बास्तविकता

नेपालमा समग्र समाज विकासमा महिलाको उल्लेख्य योगदान रहेको छ । विश्वकै मापनमा पनि महिला अधिकार र सशक्तिकरणमा नेपाली महिलाहरुको तथ्याङ्कलाई हेर्ने हो भने उल्लेख्य रुपमा आउँछ । नेपालमा हाल राष्ट्रपति, सभामुख र प्रधानन्यायधिश महिला छन् । राज्यका यी प्रमूख पदहरुमा महिला हुनु विश्वमाझ नेपालीहरु लैगिंक हिसाबले संवेदनशील सक्षम छन् र देशमा महत्वपूर्ण निकायहरुमा रहेर समेत राम्रो संग सञ्चालन गर्न सक्नेछन् भन्ने राम्रो सन्देश गएको छ । नेपालको सविंधानलेनैै महिलाहरुको लागि तेत्तिस प्रतिशत आरक्षणको समेत व्यवस्था गरेको छ । यसरी हेर्दा महिलाका लागि अवसर मात्रै हैन नेतृत्व र प्रमूख पदहरुमा पनि महिलाको सहभागिता प्रशस्त भएको देखिन्छ । यति हुदाहुँदै पनि उनिहरुको योगदानलाई बेवास्ता गर्दै उनीहरुको भूमिकालाई गौण राखी राजनीतिक रुपमा महिलाहरु निर्णयक र नेतृत्वदायी भूमिकामा राख्न राजनीतिक दलहरु अझ चाहँदैनन् । यसको ज्वलन्त उदाहरुणको रुपमा स्थानीय तह निर्वाचनको उम्मेदवारी महिलालाई प्राय उपप्रमुखको रुपमा मात्र उभ्याएको बाट स्प्रष्ट हुन्छ । राजनीतिक दलले नीति र घोषणा पत्रमा महिलालाई समनता र समान अवसर प्रदान गर्ने भनेपनि व्यवहारमा विभेद गरिएको छ । त्यसमा पनि चुनावी तालमेल गरेमा अनिवार्य महिलालाई उठाउने

तालिम कार्यक्रमको आयोजना गरी अन्य महिलालाई पनि सचेत वनाउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । कार्यक्रममा जागरण नेपालका संस्थापक अध्यक्ष शर्मी◌ाल कार्कीले महिलालाई अगाडि बढाउने षियमा पुरुषबादी संरचना र चिन्तन नै गलत रहेको बताउनु भयो । राजनीतिक दल निकट अगुवा महिला नेताहरु डा. डिला संग्रौला, डा. शिवमाया तुम्वाहाम्फे, ममता न्यौपानेले स्थानीय तहको निर्वाचन, चुनौती र अवसरका बारेमा आफ्ना भोगाईहरु समेत राख्नु



भएको थियो ।

तालिम कार्यक्रमकै अवसरमा महिला सहभागिताका विषयमा पत्रकार, सरोकारवालाहरुको भूमिका कस्तो हुनु पर्दछ भन्ने विषयमा समेत छलफल गरी स्थानीय तहको निर्वाचनमा महिलालाई निर्वाचित गर्न पत्रकारहरुको भूमिका कस्तो हुने भनि छलफल गर्दै महिलामैत्री बातावरण तय गर्नका लागि

कुनै प्रावधान नभएका कारण पनि महिलाहरु विभेदमा परेका हुन् । यसरी राजनीतिक दलको तालमेलका कारण पनि उपमेयर वा उपप्रमुखमा महिला जितेर अउने संभावना कम रहेको छ ।

## निष्कष

दलहरुले संविधानमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरे पनि स्थानीय तहका अधिकांश नेतृत्वमा पुरुष नै हुने लगभग देखिएको छ । हुन त नगरपालिकका उपमेयर तथा गाउँपािलकाका उपाध्यक्षमा महिला उम्मेदवारको वर्चस्व देखियो, तर यो संविधानको भावना अनुसार मेल नखाने संरचना हो संविधानमा प्रमुख वा उपप्रमुख मध्ये एक पदमा महिला हुन पर्ने मर्म विपिरित अधिकांश स्थानमा महिला उमप्रमुख बन्ने वातावरण तयार हुनुले राजनीतिक दलहरुले महिलालाई हेर्ने दोस्रो दर्जाको नागरिकको पुर्नपुष्टि भएको छ । यदाकदा प्रमुख पदमा महिला उम्मेदवारी हुनु पनि पुरुष उठ्दा हार्ने भएकाले लाजगाल महिलालाई बनाइएको धैरैको विश्लेषण रहि आएको छ । हार्ने अवस्था रहेका क्षेत्रहरुमा मात्र महिलाहरुलाई नेतृत्व दिइएको र उम्मेदवारी दर्ताको यो परिवेशले निर्वाचन परिणाम आइसक्दा समग्रमा प्रमुख पदहरुमा चार देखि पाँच प्रतिशत भन्दा बढि महिला नेतृत्व आउने देखिदैन । माथिका तथ्याङ्कहरुलाई हेर्दा ४० प्रतिशत महिलाको सहभागिता सुनिश्चितता देखिदैन । महिलाका लागि छुट्टै कोटा निर्धारण नगर्ने हो भने हाम्रो जस्तो पितृसतात्मक राज्यमा महिलाहरु स्वतस्फूर्त राजनीतिमा प्रवेश गर्ने मौका कमैमात्र पाउने रहेछन् भन्ने यी पुनर्पुष्टि गरेका छन् ।

## निर्वाचन अयोगका आयुक्तहरुसंग छलफल तथा ध्यानाकर्षण सम्पन्न

स्थानीय निकाय निर्वाचनमा बढी भन्दा बढी महिला सहभागिता गराउनको लागि गराइ लैङ्गिक समानताको आधारमा शोषण रहित समता मुलक समाज निर्माण गर्नका लागि संविधानमै व्यवस्था समेत आग्रह गर्नुभएको थियो । उक्त तालिम कार्यक्रमको सहजिकरण प्रकाश पोखरेल, मीना विष्ट र जगत थापाले गर्नुभएको थियो । कार्यक्रमकोलागि आर्थिक सहयोग ड्यान चर्च एडले गरेकोे थियो ।

***(स्थानीय तह निर्वाचनमा महिला सहभागिताका सवालमा पत्रकारहरु संग छलफल गर्दै जागरण नेपालका संस्थापक अध्यक्ष शर्मीला कार्कीः विराटनगर***

## स्थानिय तहको निर्वाचनमा महिला सहभागिता बिषयक १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न

जागरण नेपालको आयोजनामा डेन चर्च एड्को सहयोगमा सुनसरी जिल्लाका बबिया, सत्तेरझोरा, चाँदवेला, सिंगिया,बकलौरी, मधेली,सोनापुर, डुम्राहा र सिमरिया गाविसमा राज्य पुर्न संरचना,स्थानीय तहको निर्वाचनमा महिला सहभागिता र मतदाता शिक्षा सम्वन्धमा १ दिने



अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

भएको ४० प्रतिशत महिला सहभागितालाई परिणाममै सुनिश्चित गर्ने निर्वाचन आयोगले तय गरेका नीतिहरुको कार्यान्वयन गर्नका लागि ध्यानाकर्षण गर्ने उद्देश्यले स्थानीय निर्वाचनमा महिला सहभागिताका लागी साझाअभियानको संयोजन तथा जागरण नेपालको सक्रिय सहभागितामा निर्वाचन आयोगका आयुक्त डा. अयोधीप्रसाद यादव र आयुक्त इला शर्मालाई छलफल बैठक सम्पन्न गरेको छ । छलफल कार्यक्रममा वरिष्ठ महिला अधिकारकर्मी अध्यक्ष शर्मीला कार्की, दुर्गा घिमिरे,लिलि थापा, मीरा ढुङ्गाना, कल्याणी शाह लगाएतले निर्वाचनको समयमा महिला माथि हुने हिंसा अन्त्य गर्न निर्वाचन आयोगको भूमिका सक्रिया हुनपर्ने,स्थानीय तहको निर्वाचन परिणाममै ४० प्रतिशत महिलाको सहभागिता पुर्याउनका लागि छलफल गर्दै २ महिला सदस्य मध्ये १ दलित महिला हुनैपर्ने र दलित नभएमा कस्तो व्यवस्था के गर्ने व्यवस्था छ ? महिला मैत्री निर्वाचन पर्यावेक्षण कसरी गर्ने जस्ता जिज्ञासा राख्दै जटिल परिस्थितिमा पनि निर्वाचनको तयारी



गर्नुभएकोमा निर्वाचन आयोगलाई धन्यवाद दिनुभएको थियोे ।

कार्यक्रममा राज्यको तीन तहको संरचना संघ(केन्द्र), प्रदेश र स्थानीय तहको बारेमा विषय विज्ञबाट सहजिकरण गरिएको थियो । उक्त अभिमुखिकरण कार्यक्रममा सम्पूर्ण तह तथा तहको संख्या ( महानगरपालिका—४वटा,उपमहानगरपालिका—१३वटा, नगरपालिका—२४६वटा, गाँउपालिका —४८१वटा) गरी ७४४ रहेको जानकारी सहभागिहरुलाई गराउदै यसको कार्यान्वयनको प्रक्रियाका बारेमा समेत जानकारी गराइएको थियो । त्यसैगरी निर्वाचन शिक्षा र मतदान प्रक्रियाको बारेमा सहजकर्ता सहजादि प्रविनले सहजिकरण गर्नु भएको थियो । उक्त ८ गाविस स्तरका छुट्टाछुट्टै कार्यक्रममा ३ सय भन्दा बढी सहभागिहरुको उपस्थिति रहेको थियो । स्थानीय तहको मतदान गर्ने प्रक्रियाको बारेमामा सहभागिहरुसंग दोहोरो छलफल भएको थियो । सो अवसरमा विभिन्न राजनीतिक दलका प्रस्तावित महिला उम्मेदारहरुको समेत उपस्थिति रहेको थियो ।

***(स्थानीय तहको निर्वाचन र महिला सहभागिताका सवालमा संचालन गरिएको गाविस स्तरीय कार्यक्रमका सहभागीहरु) सुनसरी***

## स्थानीय चुनावमा महिला उम्मेदवार जिताउन सञ्चारर्मी, महिला अधिकारकर्मी तथा राजनीतिकर्मीहरु बीच त्रिकोणात्मक छलफल सम्पन्न

जगरण नेपाल तथा क्रियाशिल महिला पत्रकार समुहको संयोजक तथा स्थानीय तहको निर्वाचनमा महिला सहभागिताका लागि साझा अभियानको अयोजनामा **आगामी स्थानीय निर्वाचनमा महिला सहभागिताको लागि सञ्चार**

जिज्ञासाहरुलाई सम्वोधन गर्दै निर्वाचन अयोगका प्रमुख आयुक्त डा. अयोधीप्रसाद यादवले निर्वाचनको तयारीका लागि निर्वाचन आयोग सक्रिय रहेको र यसको लागि ७५वटै जिल्लामा निर्वाचन शिक्षा प्रशिक्षकहरु नियुक्ति गरिएका,े सबै काम रफ्तारमा भइरहेको जानकारी गारउनु भएको थियो । उहाँले वडा, नगरपालिका र महानगरपालिकाका प्रमुख वा उपप्रमुख मध्ये एक पदका लागि महिलालाई उम्मेद्वारी दिन अनिवार्य गरिएको छ । निर्वाचित हुने सुनिश्चित गर्नका लागि सबैले राजनीतिक दलहरुलाई दवाव दिनु आवश्यक रहेको बताउनु भएको थियो । निर्वाचन आचारसंहिताको राम्ररी कार्यान्वयन गर्न निर्वाचन आयोग कटिवद्ध रहेको भन्दै निर्वाचनका समयमा हुने महिला ंिहसा रोक्ने सुरक्षा निकाय संग समन्वय गरिएको जानकारी समेत गराउनु भएको थियो ।

***(निर्वाचन आयोगका आयुक्त डा.अयोधीप्रसाद यादव र आयुयक्त इला शर्मा निर्वाचन अयोगको तयारी तथा महिला अधिकारकर्मीहरुका जिज्ञासा माथि छलफलमा सहभागी हुँदै)***



**माध्यमको भूमिका** विषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।

आगामी निर्वाचनमा महिला सहभागिता बढाउन तथा बढी भन्दा बढी महिला उम्मेदवारलाई जिताउन संचार माध्यमले कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयमा राजनीतिक दलका महिला नेताहरुसंग छलफल गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको हो ।

***(छलफल कार्यक्रममा आफ्ना महत्वपूर्ण विचारहरु राख्दै नेकपा माओवादी केन्द्रकी नेतृ शशी श्रेष्ठ)***

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै जागरण नेपालका संस्थापक अध्यक्ष तथा बरिष्ठ अधिकारकर्मी शर्मिला कार्कीले महिला उम्मेद्वारलाई स्थानीय चुनावी प्रतिस्पर्धामा जिताउनको लागि संञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले महिला अधिकारकर्मी, राजनीतिकर्मी तथा सञ्चारकर्मीहरु मिलेर महिला उम्मेदवारका मुद्धाहरुलाई अघि ल्याउनुपर्ने कुरा बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि

महिला बालबालिका तथा समाज कल्याण तथा जेष्ठ नागरिक समितिका सभापति, रञ्जुकुमारी झाले महिला उम्मेदवारलाई अहिले पनि स्थानीय निर्वाचन प्रतिस्पर्धामा जानको लागि गाह्रो भएकोले संचार माध्यमको सहयोग महिला उम्मेदवारका लागि महत्वपूर्ण हुने विचार राख्नु भयो ।

क्रियाशील महिला पत्रकार समुहकी शुभेच्छा विन्दुले **पत्रकारसंग राजनीतिक सम्बन्ध** विषयमा कार्यपत्र प्रस्तुती गर्नुभएको थियो । नेकपा माओवादी केन्द्रका शशी श्रेष्ठले स्थानीय चुनावमा ४० प्रतिशत होइन गाउपालिका तथा नगरपालिकाको वडामा मात्र ४० प्रतिशत महिला सुनिश्चित भएको कुरा बताउनुभयो । कार्यक्रममा नेकपा मालेका पोलिव्यूरो सदस्य जनक चालिसे, नेपाल महिला संघका महासचिव धना खतिवडा, अन्तर पार्टी महिला संजालका उपाध्यक्ष सावित्रा भुसाल लगायतका महिला राजनीतिकर्मीहरुले महिला नेताहरु मिडिया सामु आउन संकोच मान्नुको कारण पत्ता लगाउनुपर्ने तथा मिडियाहरु महिला मैत्रीहुनुपर्नेमा जोड दिनुभएको थियो । सो अवसरमा संचारकर्मीहरु लक्ष्मी बस्नेत, कल्पना भण्डारी, कविता थापा, नगेन्द्र सापकोटा, लगायतका सहभागिहरुले महिला नेताहरुले समयमा सूचना दिएमा तथा संचारकर्मीहरु सँगको सम्बन्ध राम्रो भएमा महिला नेताहरुलाई नै अगि बढन मद्धत पुग्ने कुरा बताउनुभयो । बरिष्ठ अधिकारकर्मी दुर्गा घिमिरे, दिदीबहिनीका अध्यक्ष सलोनी सिंह लगायतका सहभागिहरु तथा राजनीतिक महिला नेताहरुले साझा अभियान केन्द्रिय तहमा मात्र सिमित नभएर स्थानीय तह सम्मै पुर्याउनु पर्ने र महिला उम्मेदवारलाई जिताउन कमन फोरम बनाउनुपर्ने कुरामा जोड दिनुभएको थियो ।



## थप जानकारीका लागि

**www.jagarannepal.org**

## मा अवलोकन गरी सल्लाह सुझावका लागि

**info@jagarannepal.org**

## मा सम्पर्क गर्नुहोला

### सम्पादक मण्डल

सल्लाहकारः शर्मिला कार्की

संयोजनः मीना विष्ट

संपादनः दिपक बस्याल

लेखनः अहिल्या अधिकारी

डिजाइनः कुशल गिरी


### जागरण नेपाल

फोन : ०१-४२१९४३९,

फ्याक्स : ०१-४२४७२९७

पो.व.नं : १९४८७

सिद्धार्थ मार्ग, अनामनगर

ईमेल : info@jagarannepal.org

वेवसाइट : www.jagarannepal.org